फोन नं.: ०८७-६८००६५
इमेल: pmamppiuhumla@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
सिमकोट, हुम्ला

प.सं.: २०७९/८०
च.नं.:

## कार्यक्रममा सहभागी हुन सूचिकृत/नविकरण भई प्रस्ताव पेश गर्ने बारेको सुचना।
(प्रथम पटक सुचना प्रकाशित मिति : २०७९/०४/१०)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सिमकोट, हुम्लाको चालु आ.व. २०७९/८० मा स्याउ जोन तर्फ सिमकोट गाउँपालिका- १, २, ३, ४, ५, ६ र ७ तथा नाम्खा गाउँपालिका-१ साथै **भेडा/वाख्रा जोन** तर्फ सर्केगाड गाउँपालिकाको वडा नं ५, ७ र ८ का क्षेत्रहरुमा आ.व. २०७९/८० मा सम्वन्धित बालीको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समुह, कृषि सहकारी संस्था, कृषि उद्यमी र जल उपभोक्ता समितिहरुलाई तपसिल बमोजिमका कागजातहरु संलग्न गरि यो सुचना प्रकाशन भएको मितिले २१ दिन अर्थात मिति २०७९/०४/३० गते भित्र परियोजना कार्यान्वयन एकाइ, सिमकोट, हुम्लामा सुचिकृत भई तपसिल बमोजिमका कार्यक्रममा सहभागि हुनका लागि परियोजना कार्यान्वयन म्यानुअल(PIM)-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन दर्ता गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र सुचिकृत भई प्रस्ताव पेश नगर्ने संस्थाहरुलाई कार्यक्रममा सहभागी गराईने छैन।

तपसिल

१. सूचिकृत तथा नविकरण हुनका लागि आवश्यक कागजातहरुः
- दर्ता प्रमाण पत्रको प्रतिलिपी। (सूचिकृतका लागि)
- स्थाई लेखा नम्वरको प्रमाण पत्र। (सूचिकृतका लागि)
- गत आ.व. को लेखा परिक्षणको प्रतिवेदन र कर चुक्ता प्रमाण पत्र। (सूचिकृत तथा नविकरणका लागि)
- रु.१० को टिकट टाँस भएको सुचिकृत हुने बारेको निवेदन। (सूचिकृत तथा नविकरणका लागि)
- समूह/सहकारी/जल उपभोक्ता समितिको हकमा समूह/सहकारी/समितिको निर्णयको प्रतिलिपी। (सूचिकृत तथा नविकरणका लागि)
- समुहको हकमा समूह नविकरण गरिएको प्रमाण पत्र। (सूचिकृत तथा नविकरणका लागि)
- सम्बन्धित जोन क्षेत्र भित्र प्राथमिकता प्राप्त बाली लगाएको क्षेत्रफल र उत्पादन परिमाणको विवरण। (सूचिकृत तथा नविकरणका लागि)

२. प्रस्ताव पेश गर्नका लागि आवश्यक कागजातहरुः
- परियोजना कार्यान्वयन म्यानुअल(PIM)-२०७७ को अनुसूची-१० बमोजिमको ढाँचामा रु १० को हुलाक टिकट टाँस गरेको निवेदन
- प्रत्यक कार्यक्रमका लागि छुट्टा छुट्टै फाएलमा निवेदन पेश गर्नु पर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
सिमकोट, हुम्ला

फोन नं.: ०८७-६८००६५
इमेल: pmamppiuhumla@gmail.com

प.सं.: २०७९/८०
च.नं.:

३. स्वीकृत कार्यक्रमहरुको विवरण:

| क.सं. | कार्यक्रम/ क्रियाकलापहरु | एकाइ | परिमाण | स्वीकृत बजेट(रु लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ६ | स्याउ खेति तथा भेडा/बाखा पालनका लागि आवश्यक मेसिनरीहरु माग गर्न सकिने। परियोजनाबाट बढिमा ५०% अनुदान दिईने। |
| २ | साना औजारउपकरण तथा मेसिनरी बितरण कार्यक्रम | पटक | १ | ३ | स्याउ खेति तथा भेडा/बाखा पालनका लागि आवश्यक साना औजार उपकरणहरु माग गर्न सकिने। परियोजनाबाट बढिमा ५०% अनुदान दिईने। |
| ३ | प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | संख्या | २ | १० | कृषि/पशु विज्ञान अध्यापन गराईने विद्यालयहरु PIM-२०७७ को परिच्छेद ५ को ५.१ बमोजिमको मापढण्ड अनुसार हुनुपर्ने। |
| ४ | प्याकेजिङ, लेबलिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण कार्यक्रम | पटक | १ | ५ | प्याकेजिङ, लेबलिंग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनीकरणका लागि आवश्यक सामाग्रि। परियोजनाबाट बढीमा ५०% अनुदान दिईने। |
| | क. स्याउ जोन तर्फ: | | | | |
| ५ | चक्लावन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सहयोग | संख्या | २ | २० | समूह/सहकारी व्यवस्थि कृषक खेतिका लागि ७ हेक्टर, कृषक व्यवस्थित खेति/ सहकारी व्यवस्थित सहकारी खेति/ निजी फर्म व्यवस्थित कृषक खेती/ निजी फर्म व्यवस्थित खेतीका लागि ५/५ हेक्टर जमिन आवश्यक। परियोजनाबाट बढिमा ५०% अनुदान उपलब्ध गराईने। |
| ६ | स्याउ जोनका कृषकहरुलाई ५०% अनुदानमा रसायान(कृषि चूना, निलोतुथो अदी) वितरण | पटक | १ | १ | स्याउ/ओखर खेतिमा संलग्न कृषकहरु सहभागि हुन सक्ने। |
| ७ | स्याउ/ओखर वजारिकरणका लागि ढुवानीमा ५०% अनुदान | पटक | २ | २ | स्याउ/ओखर ढुवानीका लागि ईच्छुक समूह/सहकारी सहभागी हुन सक्ने। |
| ८ | स्याउ भण्डारण/प्रशोधन घर निर्माण | पटक | १ | १० | व्यवसायिक स्याउ खेति गरेको तथा आफ्नै स्वामित्वमा जग्गा भएको हुनु पर्ने। परियोजनाबाट बढीमा ५०% अनुदान दिईने। |
| ९ | आ.व. २०७७।७८ देखि संचालनमा आएका चक्लाबन्दी कार्यक्रमहरुको निरन्तरता | संख्या | ४ | ८ | बिगत देखि परियोजनाका चक्लाबन्दी कार्यक्रम संचालन गरेको हुनु पर्ने। परियोजनाबाट बढिमा ५०% अनुदान उपलब्ध गराईने। |

फोन नं.: ०८७-६८००६५
इमेल: pmamppiuhumla@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
सिमकोट, हुम्ला

प.सं.: २०७९/८०
च.नं.:

| | | | | | |
|---|---|---|---|---|---|
| १० | पुराना तथा जिर्ण बगैचा सुधिढिकरण अभियान | संख्या | १० | ५ | पुराना स्याउ बगैचा भएका कृषक। परियोजनाबाट बढिमा ५०% अनुदान उपलब्ध गराईने। |
| ११ | ओखरको क्षेत्र बिस्तार | हेक्टर | १० | १० | न्यूनतम १ हेक्टर जमिन भएको हुनुपर्ने। परियोजनाबाट बढिमा ५०% अनुदान उपलब्ध गराईने। |
| १२ | नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | संख्या | १ | ५ | नर्सरी श्रोत केन्द्र स्थापना गर्न ईच्छुक वा संचालन गरि रहेका संस्था सहभागि हुन सक्ने। परियोनाबाट बढिमा ५०% अनुदान उपलब्ध गराईने। |
| १३ | उन्नत प्रबिधि सहित क्षेत्र विस्तार | हेक्टर | ३० | ३० | न्यूनतम १ हेक्टर जमिन भएको हुनुपर्ने। परियोजनाबाट बढिमा ५०% अनुदान उपलब्ध गराईने। |
| १४ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | २२ | ४४ | व्यवसायिक स्याउ/ओखर खेतिमा संलग्न कृषक सहभागि हुन सक्ने। परियोजनाबाट बढिमा ५०% अनुदान दिईने। |
| ख. भेडा/बाखा जोन तर्फः | | | | | |
| १५ | घाँसको स्रोत केन्द्र स्थापना | पटक | १ | ५ | परियोजनाबाट बढिमा ५०% अनुदान उपलब्ध गराईने। |
| १६ | लक्षित जोनमा पशु नक्ष सुधार तथा उत्पादन बृद्दि कार्यक्रम | संख्या | २३ | ११.५ | व्यवसायिक रुपमा भेडा/बाखा पालन गरेको हुनु पर्ने। परियोजनाबाट बढिमा ५०% अनुदान दिईने। |
| १७ | भेडा/बाखा आधुनिक खोर निर्माणका लागि अनुदान | संख्या | १९ | २८.५ | व्यवसायिक रुपपम भेडा/बाखा पालन गरेको हुनु पर्ने। परियोजनाबाट बढिमा ५०% अनुदान दिईने। |
| १८ | स्थानिय रुपमा पाइने बाखाका जातको श्रोत केन्द्र स्थापना | वटा | २ | २० | व्यवसायिक रुपमा बाखा पालन गरेको हुनु पर्ने। परियोजनाबाट बढिमा ५०% अनुदान दिईने। |
| १९ | स्वच्छ मासु पसल स्थापना सहयोग कार्यक्रम | वटा | १ | ७ | आफ्नै स्वामित्वमा जग्गा भएको तथा व्यवसायिक रुपमा बाखा पालन गरेको हुनु पर्ने। परियोजनाबाट बढिमा ५०% अनुदान दिईने। |

<u>थप जानकारीको लागि</u>

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ,परियोजना कार्यान्वयन एकाइ, सिमकोट, हुम्ला।
फोन नं ०८७-६८००६५
सुचना अधिकारीः लक्ष्मी अधिकारी(मो नं. ९८५८३२२६५९ )
सब-इन्जिनिएरः दिल बहादुर बोहराः ९८६०६१६१४४
कृषि प्राविधिकः विष्णु भक्त जैसी (मो नं ९८४८३८५४९८/९८५८३९१६४५)